# प्रेश विज्ञप्ति

## माननीय अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेल र नेपालका लागि रुसी महासंघका महामहिम राजदूत Aleksei A. Navikov बीच शिष्टाचार भेटघाट

माननीय अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेल र नेपालका लागि रुसी महासंघका महामहिम राजदूत Aleksei A. Navikov बीच आज अर्थ मन्त्रालयमा शिष्टाचार भेट भयो ।

उक्त भेटमा माननीय अर्थमन्त्रीले नेपाल र रुस बीचको सम्बन्ध धेरै पुरानो भएको स्मरण गर्दै रुस सरकारले नेपालको विकासमा गर्दै आएको सहयोगको लागि धन्यवाद दिनुभयो ।

माननीय अर्थमन्त्री र महामहिम राजदूत बीच द्विपक्षीय सम्वन्ध, पर्यटन प्रवर्द्धन, लगानी तथा कोभिड - १९ महामारीको नियन्त्रण लगायतका विषयमा छलफल भयो ।

महामहिम राजदूतले माननीय अर्थमन्त्रीलाई अर्थमन्त्री हुनु भएकोमा बधाई दिनुहुँदै सफल कार्यकालको शुभकामना दिनुभयो । उहाँले कोभिड - १९ नियन्त्रणका लागि सयुक्त प्रयास गर्ने समेत बताउनु भयो ।

**२०७७ मसिंर  ४**

**अर्थ मन्त्रालय**